# सहकारी बजार स्थापना तथासञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:**गुणस्तरयुक्त कृषि उपजको उत्पादन तथा उपभोगमा प्रोत्साहन गरी बिचौलियाको कारणबाट नकारात्मक रुपमाप्रभावित हालको कृषि बजारलाई उत्पादक तथा उपभोक्तामैत्री बनाउँदै सहकारीका माध्यमबाट बजार सञ्चालन गर्दै कृषिको विविधीकरण, व्यवसायीकरण, बजारीकरण तथा औद्योगिकीकरण गर्ने उद्देश्यले,

प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरीभूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले"सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७६" निर्माण गरीलागू गरेको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७६" रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "कृषि उपज" भन्नाले कृषकले कुनै जीवको पालन वा बाली तथा वनस्पतिकोरोपण गरी त्यसबाट उत्पादन भएको बस्तुलाई सम्झनुपर्छ। जस्तैः खाद्यान्न बाली, फलफुल,तरकारी, मसलाबाली,पुष्प, पशुपन्छी,माछा, मासु,दुध, फुल,हाड, छाला, ऊन, च्याउ, मौरी, रेशम, चिया, कफी, अलैंची, सुपारी, घाँसेबाली,तेलहन, दलहन, कपास, जुट, उखु, रबर,कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औद्योगिक प्रयोजनमा प्रयोग हुने कृषि उपज समेतलाई जनाउनेछ।

(ख) “कृषि फर्म” भन्नाले व्यावसायिक प्रयोजनको लागि दफा २ को खण्ड (क) मा उल्लेखित बस्तु व्यावसायिक रुपमा उत्पादन गर्नका लागि खोलिएको व्यावसायिक फर्मलाई सम्झनुपर्छ।

(ग) “विशिष्टिकृतसंघ” भन्नाले प्रचलित सहकारी ऐन अनुसार दर्ता भएका विशिष्टिकृत सहकारी संघलाई सम्झनुपर्छ।

(घ) “सदस्य” भन्नाले प्रदेश नं. ५, सहकारी ऐन अनुसार स्थापना भएका सहकारी संस्था/संघका सदस्यहरुलाई सम्झनुपर्छ।

(क) “सहकारी संस्था” भन्नाले प्रचलित सहकारी ऐन तथा नियमावली बमोजिम स्थापना भएका विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था, विषयगत जिल्ला संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत संघ वा प्रदेशसहकारी संघ समेतलाई जनाउनेछ।

(ङ) “सहकारी बजार” भन्नाले सहकारीद्वारा आफ्ना सदस्यहरुको प्रत्यक्ष सहभागीतामा सामुहिक जोखिम बहन गर्ने गरी कृषि तथा पशुजन्य उपज, कृषिजन्य जडिवुटीको खरिद, प्रशोधन, ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण तथा विक्री वितरण गर्ने कार्यलाई सम्झनुपर्छ।

३. **<u>उद्देश्य</u>**:यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) उत्पादितबस्तुखरिद बिक्री गरी लाभको समान वितरण प्रणालीको विकास गर्ने,

(ख) किसानले उत्पादन गरेको कृषि उपजले सहजतापूर्वक बजारर उचित मूल्य पाउने वातावरण सिर्जना गर्ने,

(ग) खाद्यआहार व्यवहार (Food Habite) मा आएको परिवर्तन अनुसार भीर,पाखा तथा प्रयोगमा नआएको जग्गामा उत्पादन हुने खाद्य बस्तुलाई संरक्षण,प्रवर्द्धन र उपभोग गर्ने वातावरण सिर्जना गर्ने,

(घ) स्वदेशमै युवा जनशक्ति परिचालन गरी रोजगारीको अवसर सिर्जना गर्ने,

(ङ) कृषितथा पशुजन्यवस्तुको व्यावसायिक उत्पादनमा जोड दिनका लागि कृषि पेशालाई मर्यादित क्षेत्रको रुपमा स्थापित गर्ने र

(च) सहकारी बजारको माध्यमबाट स्थानीय तथा स्वदेशी उत्पादित बस्तुको बजारीकरण गरीकृषिजन्य एवम् पशुजन्य बस्तुहरुको आयात प्रतिस्थापन गर्ने।

## परिच्छेद– २

## कार्यक्रम सञ्चालन विधि

४.**सूचना प्रकाशन तथा प्रस्ताव आव्हान**:सम्भाव्य र आवश्यक पर्ने जिल्ला तथा क्षेत्रहरुमा सहकारी बजार सञ्चालनका लागि योग्यता पुगेका सहकारी संस्थाबाट प्रस्ताव माग गर्न राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-२ को ढाँचामा कम्तिमा ३० दिनको म्याद दिई सूचना प्रकाशित गरिनेछ।

**५.आवेदन**:कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमआवेदन दिन सकिनेछ:-

(क) अनुदान प्राप्तिका लागि अनुसूचि-४ बमोजिमको ढाँचामा व्यावसायिक योजनासहितको प्रस्ताव तयार गरेर अनुसूची-१ बमोजिमको कागजात संलग्न राखी यस प्रदेश भित्रका सहकारी संस्था वा संघलेअनुसूची-३ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

(ख) आवेदनका साथतराईमा न्यूनतम ३ कट्ठा र पहाडमा २ रोपनी जग्गा हुनुपर्नेछ। संस्थाको आफ्नै घरजग्गा भए जग्गा दर्ता प्रमाण-पूर्जा रभाडामा लिने भएमा कम्तिमा १० वर्षको घर/जग्गा धनीसँग सम्झौता गरेको सम्झौता-पत्र पेश गर्नुपर्नेछ।

(ग) आवेदक संस्थाको सदस्य संख्या कम्तिमा तराईमा ३०० र पहाडमा १५० हुनुपर्नेछ।

तर सहकारी संघको हकमा यो खण्ड लागू हुनेछैन।

(घ) आवेदक संस्थाले आफ्नो कार्यक्षेत्र, सदस्य संख्या र कारोवारको अवस्था स्पष्ट खुल्ने कागजात तथा पछिल्लो तीन वर्षको वार्षिक प्रगति प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ।

तर सहकारी संस्था स्थापना भएको तीन वर्ष नपुगेको अवस्थामा संस्था स्थापना भएपछिको वार्षिक प्रगति प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

(ङ) आवेदनसाथ सञ्चालक समिति तथा प्रमुख व्यवस्थापकको व्यक्तिगत विवरण एवंअनुसूची-५ को ढाँचामा प्रतिवद्वता-पत्र पेश गर्नुपर्नेछ।

६. **संस्थाको छनौटः**(१) सहकारी बजार सञ्चालनका लागिछनौट प्रक्रियामा सहभागी हुने संस्थाको विनियममा कृषिवस्तु उत्पादन, प्रशोधन र बजारीकरण वा बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको हुनुपर्नेछ।

(२) सहकारी संस्थाबाट प्राप्त प्रस्तावको छनौट देहायका आधारमा गरिनेछः-

(क) प्रस्तावकबाट प्राप्त प्रस्तावहरु मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-१ बमोजिम पेश भएका कागजाताकाआधारमा प्रारम्भिक छनौट गर्नेछ।

(ख) प्राप्त आवेदनका आधारमा गत आ.व.मा कार्यक्रम सञ्चालन नभएकापूर्वी रुकुम, दाङ्ग, अर्घाखाँची, बाँके, रुपन्देही र पाल्पाजिल्लाहरुबाटछनौट गरिनेछ।

(ग) प्रारम्भिक छनौटमा परेका प्रस्तावहरुको अनुसूची-६ बमोजिमको ढाँचामा स्थलगत प्रमाणीकरण गरी त्यसैको आधारमा पुनःमूल्याङ्कन गरिनेछ। अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिए वा क्रियाकलाप सञ्चालन स्थलहरु प्राविधिक दृष्टिकोणले अनुपयुक्त ठहरिएमा वा आवश्यक न्यूनतम योग्यता पुरा नगरेको यकिन भएमा सो प्रस्ताव स्वतः रद्द हुनेछ।

(घ) अनुसूची-८ बमोजिम मूल्याङ्कन तथा सिफारिस समितिले अन्तिम मूल्याङ्कन गर्नेछ।

(ङ) मूल्याङ्कन तथा सिफारिस समितिले अङ्कभार सहितको अन्तिम मूल्याङ्कनको लागि कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ।

(च) कार्यक्रम व्यवस्थापन समितिले प्रस्तावकको व्यावसायिक योजना, संस्थाको लागत सक्षमता, कारोबारले समेट्ने क्षेत्र, भौगोलिक उपयुक्तताका साथै मूल्याङ्कन तथा सिफारिस समितिले दिएको अङ्कभार लगायतको आधारमा प्रस्ताव स्वीकृतिको लागि सिफारिस गर्नेछ।

(छ) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता ठानेमा मूल्याङ्कन तथा सिफारिस समितिसँग थप छलफल गर्न सक्नेछ।

(४) छनौटमा परेको संस्थालाई आफूले पेश गरेको व्यावसायिक योजनाको प्रस्तुतिको लागि मूल्याङ्कन तथा छनौट समिति वा कार्यक्रम व्यवस्थापन समितिलेआवश्यकता ठानेमा बोलाउनसक्नेछ।

**७.<u>अनुदान रकम भुक्तानी प्रक्रिया</u>:**अनुदानको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) अनुदानग्राही तथा मन्त्रालयबीच स्वीकृत विस्तृत कार्ययोजनाका आधारमाअनुसूची-७बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) स्वीकृत कार्ययोजना बमोजिम तोकिएको मापदण्ड अनुसार सूचीकृत फर्म/संस्थाबाट खरिद गरिएका सामग्रीहरु औजार, यन्त्रउपकरण, तथा पूर्वाधार विकासको अनुदान रकम उपलव्ध गराउँदा बिल भरपाई अनुसार खरिद गरेको सुनिश्चितताको आधारमा अनुदान रकम उपलव्ध गराईनेछ।

(ग) सम्झौतामा उल्लेख गरिएको अवधि भित्र कार्ययोजनामा समावेश भएका कार्य प्रगतिकोआधारमाकूल लागतको कम्तिमा पचास प्रतिशतकार्य सम्पन्न भएपछि अनुदान रकमको पचास प्रतिशत पहिलो किस्ता भूक्तानी गरिनेछ।

(घ) सम्झौतामाउल्लेख गरिएको अवधि भित्र कार्यसम्पन्न गरी सक्नुपर्नेछ।तरकावु बाहिरको परिस्थितिको कारण सम्झौता अवधि भित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा आधार र कारण उल्लेख गरी म्याद

समाप्त हुनु भन्दा सात दिन अगाडी म्याद थपको निवेदन दिनु पर्नेछ। म्याद थप सम्बन्धी अन्तिम निर्णयमन्त्रालयको हुनेछ।

(ङ) छनौटमा परेको संस्थाले भुक्तानी माग गर्दा कामको प्रगतिको आधारमाआर्थिक तथा प्राविधिक प्रतिवेदन सहितफोटो,बिल, भर्पाई, आवश्यक सिफारिस लगायतका कागजातसमेत पेश गर्नु पर्नेछ।

(च) अनुदान रकम प्राप्त गरी कार्यक्रम सञ्चालन पश्चात तीन वर्षसम्मकोवार्षिक कारोवारको लेखा परीक्षण प्रतिवेदन आर्थिक वर्ष सम्पन्न भएको पौष मसान्तसम्ममा यस मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(छ) अनुदान रकम जग्गा खरिद कार्यमा प्रयोग गर्न पाइनेछैन।

(ज) मन्त्रालयले प्रदान गर्ने अनुदान रकम सञ्चालन तथा व्यवस्थापन लगायतका चालु खर्चमा प्रयोग गर्न पाईने छैन।

## परिच्छेद-४

## समितिसम्वन्धी व्यवस्था

**८. समितिहरुको गठनः**(१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्रालय | -अध्यक्ष |
| (ख) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| (ग) | महाशाखा प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | -सदस्य सचिव |

(२)निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रणगर्न सक्नेछ।

(३)कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन समितिबाट मूल्याङ्कन भईपेश भएका प्रस्तावहरुस्वीकृतिको लागि सिफारिस गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ।

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्रालय | अध्यक्ष |

| | | | |
|---|---|---|---|
| (ख) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (ग) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (घ) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य |
| (ङ) | प्रमुख, | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य सचिव |

(४)कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५)यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) मूल्याङ्कन तथा सिफारिससमितिबाटमूल्याङ्कनभईपेश भएकाप्रस्तावहरुउपरछलफलगरीऔचित्यका आधारमास्वीकृतिको लागि सिफारिसगर्ने,

(ख) प्रस्ताव मूल्याङ्कनका आधारहरुको विस्तृतीकरण गर्ने,

(ग) प्राप्त प्रस्तावहरु मध्ये कुनै वा सबै प्रस्तावहरु अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन तथा सिफारिस समितिमा फिर्ता पठाउन सक्नेछ रआवश्यकता अनुसार स्थलगत प्रमाणीकरण कार्य समेत गराउन सक्नेछ।

(६)यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि प्रस्तावकबाट प्राप्त हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि कार्यक्रम व्यवस्थापन समितिमा सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिको गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | अध्यक्ष |
| (ख) | प्रमुख | अनुगमन तथा मूल्यङ्कन शाखा | सदस्य |
| (ग) | प्रमुख | कानून तथा फैसला कार्यान्वयन शाखा | सदस्य |
| (घ) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) | प्रमुख | सहकारी तथा गरिबी निवारण शाखा | सदस्य सचिव |

(७) मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारी संघ संस्थाहरुबाट प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गरी छनौट तथा स्वीकृतिको लागि कार्यक्रम व्यवस्थापन समितिमा प्राथमिकताका आधारमापेश गर्ने,

(ख) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने/गराउने।

## परिच्छेद-५

## सहकारी बजार सञ्चालन समितिको गठनतथा सञ्चालन सहयोग

९.**सहकारी बजार सञ्चालन समितिको गठन तथा सञ्चालन सहयोग**:-(१) सहकारी बजारलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सहकारी संस्थाले ७ सदस्यीय बजार व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

(२) बजार व्यवस्थापन समितिको गठन सहकारी संस्थाको साधारण सभाले गर्नेछ।

(३) बजार सञ्चालन गर्न मुख्य बजार व्यवस्थापक र अन्य कर्मचारीको व्यवस्था गर्नुपर्नेछ।

(४) यस अघि स्थापना भई सञ्चालनमा आएका सहकारी बजारलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न व्यवसायिक कारोवारको आधारमा थप सहयोग उपलव्ध गराउन सकिनेछ।

(५) सहकारी बजारलाई व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्नु बजार व्यवस्थापन समितिको मुख्य कर्तव्य हुनेछ।यस समितिको अन्य काम कर्तव्य र अधिकार साधारण सभाले तोकेबमोजिम हुनेछ।

## परिच्छेद-६

## अनुगमन र समन्वय

१०. **अनुगमन**(१))अनुदान प्राप्त संस्थाले गर्ने कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, सहकारी प्रशिक्षालय, प्रदेश सरकारका सरोकारवाला कार्यालयले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(३)उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

११. **समन्वय:**मन्त्रालयले सहकारी बजारलाई व्यवस्थितरुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्वन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-७

## विविध

१२.**कारवाहीको व्यवस्था:** कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन एवम्प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलितकानून अनुसार कारवाही हुनेछ।

१३.**बाधा अड्चनफुकाउ, खारेजी र बचाउ:**(१) यस कार्यविधि कार्यान्वयनमा केही बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो सम्वन्धमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

(२)यस कार्यविधिको अनुसूचीहरुमा आवश्यकता अनुसार मन्त्रालयलेहेरफेर गर्न सक्नेछ।

(३)सहकारी बजार स्थापना तथा सञ्चचालन कार्यविधि २०७६।०१।३० खारेज गरिएको छ र सो कार्यविधि बमोजिम गरिएका काम कारबाहीहरु यसै कार्यविधि भएको मानिनेछ।

## अनुसूची-१

(दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

<u>प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने आवश्यक कागजात</u>

(१) संस्थादर्ताकोप्रमाण-पत्रकोप्रतिलिपि

(२) संस्थाको स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपि

(३) पछिल्लो तीन आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि

(४) करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि

(५) सञ्चालकहरू तथा प्रमुख व्यवस्थापकको वैयक्तिक विवरण

(६) प्रमुख व्यवस्थापकको प्रतिवद्धता-पत्र

(७) सहकारीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि

(८) सहकारीले गर्ने कार्यक्रमको व्यावसायिक कार्ययोजना

(९) निवेदन तथा प्रस्तावना

(१०) लगानीको स्रोत खुल्ने कागजात

(११) बजार स्थापना हुने स्थानको लागि सम्बन्धित स्थानीय तहको सिफारिस

(१२) कार्यक्रम सञ्चालनका लागि घरजग्गाको विवरण खुल्ने कागजात

(१३) सम्पर्क व्यक्तिको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र सम्पर्क नम्वर

(१४) प्रारम्भिक सहकारी संस्थाको हकमा तराईमा न्यूनतम ३०० र पहाडमा न्यूनतम १५० सेयर सदस्य संख्या हुनुपर्ने

(१५) तराईमा न्यूनतम् ३ कट्ठा र पहाडमा २ रोपनी घरजग्गा हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको घरजग्गाधनीसँगको सम्झौता-पत्र

## अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

<u>सूचनाको ढाँचा</u>

प्रथम पटक प्रकाशित मितिः........................

यस मन्त्रालयको आ.व. ............... कोवार्षिक कार्यक्रम अनुसार प्रदेश अन्तर्गतका ..................... जिल्लामाप्रति जिल्ला एक/एक वटाका दरले सहकारी बजार स्थापना/सञ्चालनको कार्यक्रम रहेकोले ईच्छुक सहकारी सघं/सस्थाहरुबाट रु ............ र मन्त्रालयको अधिकतम रु ............................लगानी साझेदारी कार्यक्रमका लागि यो सूचना प्रकाशन भएको मितिले .............. दिन भित्र यस मन्त्रालय वा ................... मा प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा,कार्यक्रम प्रस्तावको प्रारुप,संलग्न गर्नु पर्ने कागजात तथा मापदण्डको विवरणयस मन्त्रालयको Website: molmac.p5.gov.np बाट प्रप्त गर्न सकिनेछ।

**अनुसुची-३**

(दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

<u>आवेदन-पत्रको ढाँचा</u>

श्रीमान् सचिवज्यू,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

प्रदेश नं ५, बुटवल।

विषयःसहकारी बजार स्थापना तथा सञ्चालन सम्बन्धमा।

महोदय,

हाम्रो ......................................................... सहकारी संस्थाबाट ....................... जिल्ला, ............................म.न.प./उप.म.न.पा./न.पा./गा.पा.,........वडानं. अन्तर्गत ................ ............ स्थानमा सहकारी बजार सञ्चालन गर्ने लक्ष्य रहेकोले सो का लागि अनुमानित लागत रकम रु................मध्ये रु ...................... सहकारीको तर्फबाट व्यहोरी बाँकी रकम रु..................अनुदान पाउने व्यवस्थाका लागि तपशिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेका छौ।

निवेदकको

नामः

पदः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

सहकारी संस्थाको नामः

सहकारी संस्थाको छापः

## अनुसूची-४

(दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

व्यावसायिकयोजनाको ढाँचा

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२.सहकारी संघ/संस्थाको किसम : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक घ) हुउदेश्यीय ङ) अन्य भए उल्लेख गर्ने (.........................)

३ सहकारी संघ/सस्थाको शेयर सदस्य सङख्या.........................

४.प्रस्तावित कार्यक्रमको नाम :-

५. योजना सञ्चालनको लागि जग्गाको विवरणः............................रोपनी तथा कठ्ठा क्षेत्रफल

६. जग्गा भाडामा लिएको भएः ...............................वर्षको सम्झौता भएको

७. आयोजना सञ्चालानको उद्देश्य.......................................................................

८. बजार स्थापना/सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कूल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | |
| १.१ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२ | | | | | | | |
| | | | | | | | |
| २ | औजार उपकरण | | | | | | |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| | | | | | | | |
| ३ | सञ्चालन खर्च | | | | | | |
| ३.१ | | | | | | | |
| | | | | | | | |

९. अनुदानग्राहीको लगानीको श्रोत ब्यबस्थापन गर्ने आधारः-.........................................................

१०. आयोजनाले पार्नेसकरात्मक प्रभावः ..................................................................

..........................................................................................................................................

११. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या ..................................

१२. आवेदक सघ/संस्थाको पूँजिको विवरणः

| शेयर पुंजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

१३. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम................................................

१४.आयोजना सञ्चालन स्थलमाविद्युतको व्यवस्था छ वा छैन ...............................

१५. आयोजना संचालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ........................

१६.प्रस्तावितकार्यक्रम संचालनगर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | बिबरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्यप्राकृतिकश्रोतहरु | | | |
| २ | जलाशय (नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वतावरणीय प्रभाव मूल्याङ्कन | | | |

१७. आयोजना सञ्चालनका जोखिमहरु के छन्? यदी भए समाधानका उपायहरु के के हुन सक्छन् ?

- 
- 
- 

१८. कार्यक्रमसम्वन्धी संक्षिप्त विवरण

१९. आवश्यकता र औचित्य

२०. बजार सञ्चालन हुने स्थान

२१. बजारमा प्राप्त हुन सक्ने बस्तुको सूचि

२२.बजारका लागि चाहिने बस्तुको उत्पादित क्षेत्र/स्थान/उत्पादक

२३. बजारले समेट्ने क्षेत्र र लाभान्वित जनसंख्या

२४. संरचनाको अवस्थारनक्सासहित

२५. संरचना निर्माणमा लाग्ने अनुमानित खर्च

क. वस्तुखरिदमालाग्नेखर्च

ख. जम्मा अनुमानित लागत

ग. वार्षिक आम्दानी खर्चको विवरण

२६.बजारीकरण योजना

(क) बजारकोविकासरबजारीकरणकोरणनीति

(ख) लक्षित बजाररग्राहक

(ग) बजार मुख्य विशेषताहरु

(घ) बजारमा उपलब्ध अवसरहरु

(ङ) बजार विकासका चुनौतीहरु

२७. सारांश (परियोजनाको औचित्यता र उपादेयता झल्किने) :

क.

ख.

ग.

घ.

ङ.

## अनुसूची-५

(दफा ५ को खण्ड (ङ)  सँग सम्बन्धित)

<u>प्रतिवद्धता-पत्रको ढाँचा</u>

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ को को मिति ............................... मा प्रकाशित सूचना अनुसार सहकारी बजार कार्यक्रमका लागि अनुदानको व्यवस्था गरिए अनुसार उक्त अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरीन्यूनतम १० वर्षसम्म निरन्तरता दिनेछौ ।कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि भन्दा अगावै सो कार्य बन्द गरेमा सहकारी हेर्ने विषयगत मन्त्रालयलाई अनुदान रकम फिर्ता गर्नेछौं। अन्यथा प्रचलितकानुन बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछौं।

सहकारीको नामः

ठेगानाः

दस्तखतः

मितिः

सहकारीको छापः

इति सम्वत् २०.............गते ....................रोज ................शुभम् ।

## अनुसूची-६

(दफा ६ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

स्थलगत प्रमाणीकरण फारामको ढाँचा

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२.सहकारी संघ/संस्थाको किसिम : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक घ) बहुउद्देश्यीय ङ) अन्य भए उल्लेख गर्ने (.........................)

३ सहकारी संघ/सस्थाको शेयर सदस्य सङ्ख्या.........................

४.प्रस्तावित कार्यक्रमको नाम :-

५. योजना सञ्चालनको लागि जग्गाको विवरणः ............................रोपनी/कठ्ठा क्षेत्रफल

६. जग्गा भाडामा लिएको भएः ..............................वर्षको सम्झौता भएको

७. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापनगर्ने

आधारः-..........................................................................................................................

..........................................................................................................................................

.......................................................

९. आयोजनाले पार्नेसकरात्मक प्रभावः ..............................................................

.........................................................................................................................................

१०. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या...................................

११. आवेदक सघ/संस्थाको पूँजिको विवरणः

| शेयर पुंजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

१२. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम................................................

१३.आयोजना सञ्चालन स्थलमाविद्युतको व्यवस्था छ वा छैन ...............................

१४. आयोजना संचालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ........................

१५.प्रस्तावितकार्यक्रम सन्चालनगर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | बिबरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्यप्राकृतिकश्रोतहरु | | | |
| २ | जलाशय (नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुन्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वतावरणीय प्रभावमूल्याङ्कन | | | |

१६. आयोजना सञ्चालनका जोखिमहरु के छन्?

-
-
-

१७. कार्यक्रमलाई सहज बनाउन आवश्यक सुझाव ?

-
-
-

१८. प्रस्ताव पेश गर्दा भरिएको बिवरणहरुको सम्बन्धमा

- दुरुस्त पाईएको
- सामान्य फरक देखिएको
- फारममा पेश गरेको विवरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मुल्यांकन टोलीले के के बिषयहरुमा कमी कमजोरी पाईएको हो सो कुरा खुलाउनुपर्नेछ र यस्तो प्रस्ताव मुल्यांकनमा समाबेश हुनै छैन ।

१९. सिफारिस

उक्त परियोजना प्रस्तावको स्तरको बारेमा निश्कर्ष:

| सि.नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

* परियोजना ँग सम्बन्धित कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, परियोजनासँग सम्बन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ।

स्थलगत प्रमाणीकरण गर्नेको विवरण:

| | |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

## अनुसूची-७

(दफा ७ को खण्ड (क) सँग सम्बन्धित)

<u>सम्झौता-पत्रको ढाँचा</u>

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ मार्फत सञ्चालन गरिने आ.व................. को स्वीकृत सहकारी बजार स्थापना तथा सञ्चालन गर्न ..................................................................(यस पछि पहिलो पक्ष भनिने) र विशिष्टताका आधारमा छनौट भएका सहकारी संस्था ..........................................................................(यस पछिदोस्रो पक्ष भनिने)बीच तपसिलका सर्तमानहरु लागू हुने गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१. योसम्झौतापत्र....................................(प्रथमपक्ष)र.................................... (दोस्रोपक्ष)बीचसहकारी बजारकार्यक्रमसहयोगकालागिअनुदानकार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ।
२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।
३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नुपर्नेछ।
४. सम्झौता भएको ............. दिन भित्र यो कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ।
५. सहकारी बजार कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट कार्यक्रम सम्पन्न भएपछि मात्र उपलब्ध हुनेछ।
६. स्वीकृत अनुदान रकम भुक्तानी दिदा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसको आधारमा गरिनेछ।दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम कार्यन्वयन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।
७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र

प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भएको ७ दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

८. यस कार्यक्रम सञ्चालनको कूल लागत रु..................... मध्ये पहिलो पक्षले रु.................. र दोस्रो पक्षले रु..................... व्यहोर्नु पर्नेछ।

९. सहकारी बजार कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१०. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी आवश्यक कारबाही अगाडी बढाउने छ।

१२. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

| | |
|---|---|
| ......................... | ........................... |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीहरु | साक्षीहरु |

मितिः २०.......साल..............महिना..........गते ..........रोज शुभम्।

## अनुसूची-८

(दफा ६ को उपदफा (२) को खण्ड (घ) सँग सम्बन्धित)

मूल्याङ्कनका आधार

१.सहकारीको नाम:

२. ठेगाना :

३. सम्पर्क ब्यक्तिको नाम:

४.सम्पर्क नं.:

कार्यक्रमछनौटका लागि उपक्षेत्रको विषय:

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको व्यावसायिक योजना | २० | | |
| २ | स्थानीय स्रोत साधनको उपयोग | १० | | |
| ३ | संस्थाको आर्थिक लगानीको सुनिश्चितता | २० | | |
| ४ | थप रोजगारी सिर्जना | १० | | |
| ५ | बजारको सुनिश्चितता | १० | | |
| ६ | मानवीय स्रोतको अवस्था | १० | | |
| ७ | भौतिक पूर्वाधार (सिचाइ,सडक, विद्युत आदिको उपलब्धता) | १० | | |
| ८ | भौगोलिक दृष्टिकोणले उपयुक्तता | १० | | |
| | जम्मा | १०० | | |